आज मिति २०८२/०१/१८ गते बिहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख

**प्रस्तावहरु :**

१. गाउँसभाको १७ औं अधिवेशन सम्बन्धमा,

२. रकमान्तर/शिर्षकान्तर सम्बन्धमा ,

३. राहत रकम सम्बन्धमा,

४. जग्गा प्राप्ती सम्बन्धमा,

५. बजेट कार्यान्वयन सम्बन्धमा,

६. रकम भुक्तानी सम्बन्धमा,

७. विविध ।

**निर्णयहरुः-**

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन | गाउँसभाको १७ औं अधिवेशनको बैठक मिति २०८२/०१/२४ गते बिहान ८:०० बजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो । | |
| २. | योजना | आर्थिक वर्ष ०८१/८२ मा विभिन्न शिर्षक र योजनामा विनियोजित रकमलाई आवश्यकताको आधारमा अन्य शिर्षक र योजनामा रकमान्तर र शिर्षकान्तर गर्नु पर्ने भएकोले स्वीकृतिको लागि सभामा पेश गर्ने निर्णय गरियो । | |
| ३. | प्रशासन | मिति २०८१/१२/२१ गते रिब्दीकोट गाउँपालिका वडा नं.७, पालुङ्ग, कोरतुङ स्थित पालुङ सामुदायिक जंगलमा लागेको आगो निभाउने क्रममा सोही वडा निवासी श्री टेक बहादुर सर्तुङ्गे पूर्ण रुपमा जली मृत्यु भएकोले निजको श्रीमति माने कुमारी सर्तुङ्गेले राहत रकम माग गरी कार्यालयमा निवेदन पेश गरेकोमा विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को उपदफा ९ बमोजिम जिल्ला विपद व्यवस्थापन समितिबाट राहत रकम शोधभर्ना लिने गरी निवेदक श्री मान कुमारी सर्तुङ्गेलाई रु. २ लाख राहत रकम उपलब्ध गराउने निर्णय गरियो । | |
| ४ | प्रशासन | रिब्दीकोट गाउँपालिका वडा नं ७ , मैनादीमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्न श्री शोभाखर नेपालले आफ्नो स्वामित्वमा रहेको कुनै विवाद नभएको मुजुङ ७ कि.नं. ३२३ क्षेत्रफल १३-५-२-० बाट ०-१२-२-२ क्षेत्रफलको जग्गा गाउँपालिकालाई नि:शुल्क रुपमा उपलब्ध गराउन मञ्जुर भएकोले उक्त जग्गा प्राप्त गर्नको लागि सरकारी जग्गा, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ बमोजिमको समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो । | |
| ५ | योजना | वडा नं ७ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भुक्तानी अन्तरगत प्राप्त रु. ३७ लाख बजेट कार्यान्वयन गर्ने सम्बन्धमा उक्त बजेटबाट वडा नं. ७ मा रहेका आधारभूत स्वास्थ्य संस्थाहरुको भवन निर्माण सम्बन्धी कार्य अगाडी बढाउने । | |

CamScanner

| | | | |
|---|---|---|---|
| ६ | योजना | बतासे-फेक मोटरबाटो स्तरोन्नति (RRM/NCB/WORKS-01-080/81) को सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२१ बमोजिम १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिई जयश्री तिरुपति कन्स्ट्रक्सन प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो। | |
| ७ | विविध | (क) बेसार खेति उत्पादन तथा प्रशोधन सम्बन्धी अध्ययन अवलोकन गर्न मिति २०८२/०१/२७ देखि २०८२/०१/२९ गते सम्म जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला व्यक्तिहरु विभिन्न पालिकाहरुमा अवलोकन भ्रमण गर्न जाने निर्णय गरियो।<br>(ख) ६ नं. वडा कार्यालय तथा सम्बन्धित क्षेत्रका स्थानीय जनताहरुबाट समेत नेटा देउराली छतिवन मोटर बाटोको छतिवन खण्डमा ट्र्याक खुलाउन अनुरोध भई आएकोमा उक्त खण्डमा प्राविधिकले रेखांकन गरेको स्थानमा ५ मिटर चौडाई ३०० मिटर लम्बाईको नयाँ ट्र्याक खोल्न श्री मणिगंगा ढुवानी सेवालाई अनुमति दिने र उक्त काम गर्दा निस्कने ढुंगा माटो सो ढुवानी सेवाले प्रयोग गर्न चाहेमा पालिकाको आर्थिक ऐन अनुसारको रोयल्टी रकम असुल गरी प्रयोग गर्न दिने निर्णय गरियो। | |

CamScanner